# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

**स्थानीय सरकारी सेवाका चौथो तहका विभिन्न सेवा समूहका प्राविधिक तर्फका पदहरुको**

**बढुवाद्वारा पदपूर्ति हुने पदसंख्या सम्बन्धी सूचना**

**सूचना नं ९३/२०७९-०८०** **मितिः-२०८०।०१।१४**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेश स्थित स्थानीय तहहरुमा रिक्त रहेका पदहरुको पदपूर्तिका लागि विभिन्न स्थानीय तहहरुबाट प्राप्त माग संख्याको प्रतिशत निर्धारण गरी कायम भएका आ.प्र. र बढुवाद्धारा पूर्ति हुने पद संख्याको विवरण आयोगको अभिलेखमा सुरक्षित राखिएको छ । बढुवा तर्फका उक्त पदहरुको पदपूर्ति स्थानीय सरकारी सेवा सम्बन्धी कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**स्थानीय सरकारी सेवाका चौथो तहका विभिन्न सेवा समूहका प्राविधिक तर्फका पदहरुको**

**खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन**

**सूचना नं ९४/२०७९-०८०** **मितिः-२०८०।०१।१४**

समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेश स्थित स्थानीय तहहरुमा रिक्त भएका देहायका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त दिनु पर्नेछ । प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको प्राथमिकताक्रम अनुसार नियुक्तिका लागि सम्बन्धित स्थानीय तहमा सिफारिस गरिनेछ।

| क्र.सं. | बिज्ञापन नं | पद, सेवा, समूह | बिज्ञापनको किसिम | पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५३१/०७९-८० | खानेपानी तथा सरसफाई टेक्निसियन, इञ्जि. सेवा, सिभिल, स्यानिटरी | खुला | ४ | |
| २ | ५३२/०७९-८० | असिष्टेण्ट सबइञ्जिनियर, इञ्जि., सिभिल | खुला | ३१ | |
| ३ | ५३३/०७९-८० | असिष्टेण्ट सबइञ्जिनियर, इञ्जि., सिभिल | महिला | ११ | |
| ४ | ५३४/०७९-८० | असिष्टेण्ट सबइञ्जिनियर, इञ्जि., सिभिल | आ.ज. | १२ | |
| ५ | ५३५/०७९-८० | असिष्टेण्ट सबइञ्जिनियर, इञ्जि., सिभिल | मधेशी | ५ | |
| ६ | ५३६/०७९-८० | अमिन, इञ्जि., सर्भे | खुला | ८ | |
| ७ | ५३७/०७९-८० | नायव प्राविधिक सहायक, कृषि, कृषि प्रसार | खुला | २४ | |
| ८ | ५३८/०७९-८० | नायव प्राविधिक सहायक, कृषि, कृषि प्रसार | महिला | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ५३९/०७९-८० | नायव पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | खुला | २६ | |
| | | नायव पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | | २५ | |
| १० | ५४०/०७९-८० | नायव पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | महिला | ९ | |
| | | नायव पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | | १० | |
| ११ | ५४१/०७९-८० | सहायक कम्प्युटर अपरेटर, विविध | खुला | १ | |
| १२ | ५४२/०७९-८० | अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | खुला | २८ | |
| १३ | ५४३/०७९-८० | अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | महिला | ८ | |
| १४ | ५४४/०७९-८० | अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | आ.ज. | ८ | |
| १५ | ५४५/०७९-८० | अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | मधेशी | ५ | |
| १६ | ५४६/०७९-८० | अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | दलित | २ | |
| १७ | ५४७/०७९-८० | वैद्य, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | खुला | ३ | |
| १८ | ५४८/०७९-८० | ल्याब असिस्टेण्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | खुला | १ | |
| १९ | ५४९/०७९-८० | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | खुला | २२ | |
| २० | ५५०/०७९-८० | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | महिला | ८ | |
| २१ | ५५१/०७९-८० | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | आ.ज. | ५ | |
| २२ | ५५२/०७९-८० | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | मधेशी | ३ | |
| २३ | ५५३/०७९-८० | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | दलित | ३ | |
| | | | **कुल जम्मा** | **२६९** | |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता ।

**लिखित परीक्षा मितिः-** पछि प्रकाशन गरिनेछ ।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अग्रेजी अथवा नेपाली र अग्रेजी दुवै हुन सक्नेछ ।

**दरखास्तको माध्यमः-** बिज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ । आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ३००।- (तीन सय) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. १५०।- (एक सय पचास) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफुले Apply गरेको बिज्ञापनको Pay Button मा Click गर्नुहोस त्यस पछि बैंक छानी Online Payment छान्नुहोस र तोकिएको वालेटहरु छानी Username, Password राखि भुक्तानी गर्नुहोस ।

Offline Payment को लागि My Application मा गएर All Application मा Click गरेपछि आफुले Apply गरेको बिज्ञापनको Pay Button मा Click गर्नुहोस त्यस पछि तोकिएको बैंक छानी Offlline

Payment छान्नुहोस र Click here मा Click गरि  Voucher Generate गरि सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसके पछि उम्मेदवारले प्राप्त गरेको **Master ID** र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरि शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकता प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नु पर्नेछ ।

प्रदेश लोक सेवा आयोग (कार्यसंचालन) निर्दिशका, २०७८ को दफा १२ बमोजिम, दरखास्त पेश नभएमा वा गलत तरिकाले पेश गरेमा, दरखास्त रुजु गर्दा कै बखत रद्द हुने र पछि कुनै पनि बाहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८०।२।३ गते सम्म र दोब्बर दस्तुर तिरी २०८०।२।१० गते सम्म ।

**उम्मेदवारको उमेरको हदः-** पुरुष उम्मेदवारको हकमा २०८०।२।३ सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको । स्वास्थ्य सेवाका पदको हकमा वि.स.२०८०।२।३ सम्म १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको । साथै वाहालवाला स्थायी निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन।तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

**अन्तर्वार्ता परीक्षा हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**सेवा, शर्त र सुविधाः-** स्थानीय तहको प्रचलित कानून बमोजिम हुनेछ ।

**सेवा सम्बन्धी मन्त्रालय/स्थानीय तह-** सेवा, समूह, उपसमूह संचालन गर्ने सम्बन्धित स्थानीय तह ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

१. खानेपानी तथा सरसफाई टेक्निसियन इञ्जि., सिभिल, स्यानिटरीः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ वर्षको अनुभव प्राप्त वा माध्यमिक तहमा सिभिल इञ्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्वयसायिक विषय लिई एस.एल.सी./एस.ई.ई.वा सो सरह उत्तीर्ण ।

२. असिष्टेण्ट सब इञ्जिनियर, इञ्जि., सिभिलः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा माध्यमिक तहमा सिभिल इञ्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्वयसायिक विषय लिई एस.एल.सी./एस.ई.ई.वा सो सरह उत्तीर्ण ।

३.अमिन, इञ्जि., सर्भेः- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।

४.नायव प्राविधिक सहायक, कृषि, कृषि प्रसारः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई.उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी./एस.ई.ई. उत्तीर्ण ।

५.नायव पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे.- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी./एस.ई.ई. उत्तीर्ण ।

६.नायव पशु स्वास्थ्य प्राविधिक, कृषि सेवा, भेटेरिनरीः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. पशु विज्ञान (पशुपालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी./एस.ई.ई. उत्तीर्ण ।

७. सहायक कम्प्युटर अपरेटर, विविधः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी./एस.ई.ई.वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई.वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Man Power को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त ।

८.अ.न.मी, स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्गः- मान्यता प्राप्त संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण ।

९.वैद्य, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेदः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई.उत्तीर्ण गरी एक वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्स उत्तीर्ण ।

१०.ल्याब असिस्टेण्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टेः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई.उत्तीर्ण गरी ल्याव असिष्टेण्टको एक वर्षको कोर्स उत्तीर्ण ।

११.अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सनः- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्स उत्तीर्ण ।

**नोटः ग्रेडिङ प्रणाली लागू भए पश्चात् एस.एल.सी./एस.ई.ई. वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।**

## खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना

(१) खुला तथा समावेशी बिज्ञापनमा दरखास्त दिने उम्मेदवार निजामती सेवा ऐन, २०४९ को दफा १०, बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(२) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग एकै मिति र समयमा हुनेछ । (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन)

(३) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ठ प्रकाशन गरिनेछ ।

(४) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले अन्तर्वार्तामा सम्मिलित हुन अगाडी स्थानीय तहहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नु पर्नेछ।

(५) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(६) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ । साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

(७) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको स्थानीय तहहरुको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

क) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

ख) **मधेसीका हकमा** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

ग) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**द्रष्टव्य:**

क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति, आफुले दरखास्त दिएको सेवा समूह सम्बन्धी परिषद्मा दर्ता हुनु पर्ने पदहरु भएमा सो परिषद्मा दर्ता/नविकरण भएको प्रमाणपत्रको सक्कल प्रति, स्तरवृद्धि भएको भए स्तरवृद्धि भएको पत्र तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ङ) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ । तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ ।

च) उम्मेदवारले अनलाईन मार्फत फारम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोबाइल मार्फत जानकारी गराइने हुदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ ।

छ) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनौट गर्नुपर्नेछ ।

ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

झ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ ।

ञ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

ट) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाईटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**सम्पर्क:०९१-५२७६००,Website:-http://psc.sudurpashchim.gov.np, Email:- ppsc.p7@gmail.com**